bhanjyangnews.com

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४४ अंक २८७ | २०८२ फागुन २४ गते आइतबार, नेपाल सम्वत् ११४६ March 08, 2026 | पृष्ठ ४ | मूल्य : रू. ५/-




## कांग्रेस, एमालेको गढ भत्काउँदै तनहुँमा रास्वपाको क्लिन स्वीप !

# सुशासनको जगमा उभिएर नेपालीको शिर उठाउने गरी काम गर्छौं : डा. वाग्ले

**भञ्ज्याङ समाचारदाता/तनहुँ**

प्रतिनिधिसभा सदस्य निर्वाचनमा तनहुँका दुईवटै निर्वाचन क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार विजयी भएका छन् । नेपाली कांग्रेस र नेकपा एमालेको गणलाई भत्काउँदै रास्वपाका उम्मेदवार भारि मतान्तरले विजयी हुन सफल भएका छन् ।

तनहुँ निर्वाचन क्षेत्र नम्बर १ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उपसभापति डा स्वर्णिम वाग्ले विजयी भएका छन् । शनिबार सम्पन्न मतगणनाअनुसार ३८ हजार ४० मत प्राप्त गरी वाग्ले विजयी भएका हुन् ।

मुख्य निर्वाचन अधिकृत विष्णुप्रसाद उपाध्यायले डा. वाग्ले तनहुँ-१ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएको प्रमाणपत्र प्रदान गर्दै बधाई तथा शुभकामना व्यक्त गरेका थिए ।

डा. वाग्लेका प्रतिस्पर्धी नेपाली कांग्रेसका गोविन्द भट्टराईले १६ हजार २३१ मत प्राप्त गरेका छन् । नेकपा (एमाले)का भगवती न्यौपानेले ५ हजार ८३० मत र नेपाली कम्युनिष्ट पार्टीका विद्यानाथ ढकालले २ हजार ३९३ मत प्राप्त गरेका छन् ।

१ लाख २६ हजार ८८२ मतदाता रहेको तनहुँ-१ मा ६६ हजार ६९८ मत खसेको थियो । विभिन्न राजनीतिक दल तथा स्वतन्त्र गरी १६ जना उम्मेदवार चुनावी मैदानमा उत्रिएका थिए । निर्वाचनमा नेपाली कांग्रेसका उम्मेदवार बाहेक अन्य उम्मेदवारले आफ्नो जमानतसम्म जोगाउन सकेनन् ।

प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएको प्रमाणपत्र ग्रहण गर्दै डा. वाग्लेले मुलुकको ठूलो जिम्मेवारी काँधमा आएको महसुस भएको बताए । उनले भने, 'रास्वपाको पक्षमा यो तरङ्ग आउनुको पछाडि मुलुकले जे देखिरहेको छ त्यो पछाडि आउने शान्तिपूर्ण क्रान्ति नै हो ।'

यस्तै, मुलुकलाई सही ट्र्याकबाट माथि उठाउने जिम्मा राष्ट्रिय स्वतन्त्र पार्टीमा आएको बताउँदै डा. वाग्लेले भने, 'उपनिर्वाचनमा निर्वाचित हुँदा सीमित अधिकारका बीच इमानदारीपूर्वक काम गरेको थिए र अहिले पुनः ठूलो जिम्मेवारी पाएको छु सबै मतदातालाई धन्यवाद ।'

चौथो आकारको दलको एकजना सांसद मात्रै नभईकन झन्डै झन्डै दुईतिहाइ उन्मुख संघीय सांसद र त्यो संघीय संसदले बनाउने संघीय सरकारको नेतृत्व गर्ने पार्टीको उपसभापतिको हैसियतले र सामयिक रूपमा देश बनाउने यो क्रममा मतदाताले साथ दिनुभएको उनले बताए।

सुशासन कायम होस् रोजगारीका अवसरहरु र सबैभन्दा महत्त्वपूर्ण जेन्जी

बाँकी दोश्रो पेजमा

**प्रतिनिधिसभा सदस्य निर्वाचनमा तनहुँ निर्वाचन क्षेत्र १ र २ का उम्मेदवारले प्राप्त गरेको मतपरिणाम ।**

| | | |
|---|---|---|
| स्वर्णिम वाग्ले(५१ ♂) | राष्ट्रिय स्वतन्त्र पार्टी | ३८,०४० |
| गोविन्द भट्टराई(६२ ♂) | नेपाली काँग्रेस | १६,२३१ |
| भगवती न्यौपाने(४९ ♀) | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) | ५,८३० |
| विद्या नाथ ढकाल(६५ ♂) | नेपाली कम्युनिष्ट पार्टी | २,३९३ |
| काशीराम गुरुङ(४१ ♂) | श्रम संस्कृति पार्टी | ९६७ |
| रामदत्त जोशी(३५ ♂) | राष्ट्रिय प्रजातन्त्र पार्टी | ८२६ |
| मन्जिल राना(३७ ♂) | उज्यालो नेपाल पार्टी | ५०८ |
| प्रेम बहादुर थापा(४४ ♂) | मंगोल नेशनल अर्गनाइजेसन | १७० |
| दिपक राज जोशी(५६ ♂) | स्वतन्त्र | ११३ |
| ओम विक्रम पन्त(५८ ♂) | नेपाल कम्युनिस्ट पार्टी (माओवादी) | ११२ |
| याम बहादुर आले(६८ ♂) | नेपाल जनमुक्ति पार्टी | ७६ |
| सन्देश रानाभाट लौडारी(२९ ♂) | स्वतन्त्र | ७३ |
| राम लक्ष्मी दुवाल(३९ ♀) | नेपाल मजदुर किसान पार्टी | २९ |
| सुमन थापा मगर(४१ ♂) | नेशनल रिपब्लिक नेपाल | २३ |
| लेख नाथ खनाल(७१ ♂) | स्वतन्त्र | १८ |
| चिजा माया अधिकारी(४३ ♀) | आम जनता पार्टी(एकल चुनाव चिन्ह) | १० |
| श्रीराम न्यौपाने(५६ ♂) | राष्ट्रिय स्वतन्त्र पार्टी | ३२,६८७ |
| शंकर भण्डारी(५७ ♂) | नेपाली काँग्रेस | १४,१३५ |
| केदार सिग्देल(६२ ♂) | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) | ११,६६८ |
| सोम बहादुर थापा(४९ ♂) | नेपाली कम्युनिष्ट पार्टी | १,९५३ |
| याम बहादुर ठकुरी(५८ ♂) | राष्ट्रिय प्रजातन्त्र पार्टी | १,११७ |
| सुस्मा आले(२८ ♀) | मंगोल नेशनल अर्गनाइजेसन | ४९५ |
| पुर्ण बहादुर राना(४६ ♂) | नेपाल जनमुक्ति पार्टी | १७२ |
| गणेश बहादुर लामगादे(४९ ♂) | नेपाल कम्युनिस्ट पार्टी (माओवादी) | १२२ |
| नम बहादुर राना(४८ ♂) | नेशनल रिपब्लिक नेपाल | १०५ |
| लाल बहादुर सार्की (गोतामे)(४० ♂) | राष्ट्रिय जनमुक्ति पार्टी | ९५ |
| लक्ष्मण अधिकारी(६४ ♂) | नेपाल मजदुर किसान पार्टी | ३० |

*स्रोत : निर्वाचन आयोग, नेपाल*



तनहुँ-१ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएको प्रमाणपत्र प्रदान गर्दै मुख्य निर्वाचन अधिकृत विष्णुप्रसाद उपाध्याय । *तस्विर : नारायण खड्का/भञ्ज्याङ*

# तनहुँ-२ मा रास्वपाका न्यौपाने विजयी

गत विहीबार भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा तनहुँ निर्वाचन क्षेत्र नम्बर २ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार श्रीराम न्यौपाने विजयी भएका छन् । शनिबार साँझ सम्पन्न मतगणना अनुसार ३२ हजार ६८७ मत प्राप्त गरी न्यौपाने प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका हुन् । विजयी उम्मेदवार न्यौपानेलाई निर्वाचन अधिकृत भेषराज पौडेलले निर्वाचित भएको प्रमाणपत्र प्रदान गरेका थिए ।

निर्वाचन अधिकृत भेषराज पौडेलका अनुसार प्रतिस्पर्धी नेपाली कांग्रेसका शंकर भण्डारीले १४ हजार १३४ मत प्राप्त गरेका छन् । यस्तै नेकपा (एमाले)का केदार सिग्देलले ११ हजार ६६८ मत र नेपाली कम्युनिष्ट पार्टीका सोमबहादुर थापाले १ हजार ९५३ मत प्राप्त गरे । तनहुँ-२ मा कूल १ लाख २७ हजार ५१५ मतदाता रहेकोमा ६३ हजार १८६ मत खसेको छ । यो निर्वाचन क्षेत्रमा ११ जना उम्मेदवार चुनावी प्रतिस्पर्धी छन् ।



तनहुँ-२ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएको प्रमाणपत्र प्रदान गर्दै निर्वाचन अधिकृत भेषराज पौडेल । *तस्विर : भञ्ज्याङ*

**को हुन न्यौपाने ?**

२०२६ असार २१ गते तनहुँको भानु नगरपालिका-५ सेपाबगैंचा श्रीराम न्यौपाने जन्मेका हुन।

बाँकी तेश्रो पेजमा

# अन्तर्राष्ट्रिय महिला दिवस: नेपालको आँखा स्वास्थ्यमा महिलाको पहुँच

**सविता केसी**

अन्तर्राष्ट्रिय महिलादिवस महिला अधिकार, समानता र सशक्तीकरणको उत्सव मात्र नभई समाज रुपान्तरणमा महिलाको योगदानको सम्मान गर्ने विशेष अवसर पनि हो । नेपालको आँखा स्वास्थ्य क्षेत्रमा पनि महिलाहरूले चिकित्सक, नर्स, नेत्र सहायक, स्वास्थ्य स्वयंसेविका, व्यवस्थापक तथा नेतृत्वदायी भूमिकामा उल्लेखनीय योगदान पुऱ्याउँदै आएका छन। दुर्गम गाउँदेखि सुविधासम्पन्न सहरसम्म, आँखा स्वास्थ्य सेवाको पहुँच विस्तार, अन्धोपन न्यूनीकरण र समुदायमा सचेतना अभिवृद्धि गर्न महिलाहरु अग्रपङ्क्तिमा सक्रिय देखिन्छन् ।

तर, सेवाप्रदायकको रूपमा मात्र होइन, सेवाग्राहीको रूपमा पनि महिलाहरु विशेष ध्यानको पात्र छन् । सामाजिक, आर्थिक तथा सांस्कृतिक कारणले महिलाहरु समयमै उपचारबाट वञ्चित हुने जोखिममा रहन्छन्। यस सन्दर्भमा लैङ्गिक समावेशी नीति, महिला-मैत्री सेवा वातावरण र नेतृत्व




तहमा महिलाको सशक्त उपस्थिति अत्यन्त आवश्यक छ । अन्तर्राष्ट्रिय महिला दिवसको अवसरले नेपालको आँखा स्वास्थ्य क्षेत्रमा महिलाको योगदानलाई सम्मान गर्दै समान पहुँच र अवसर सुनिश्चित गर्ने प्रतिबद्धता पुनःस्मरण गराउने सन्देश दिन्छ ।

नेपालमा अन्धोपन न्यूनीकरण र गुणस्तरीय आँखा स्वास्थ्य सेवा विस्तारमा नेपाल नेत्रज्योति संघको भूमिका ऐतिहासिक र अग्रणी रहँदै आएको छ । संघले सञ्चालन गर्दै आएका आँखा अस्पताल, उपचार केन्द्र, समुदाय-आधारित कार्यक्रम तथा जनचेतनामूलक अभियानहरुमा महिलाहरूको सहभागिता उल्लेखनीय छ।

चिकित्सक, विभिन्न स्वास्थ्यकर्मी, नेत्र सहायकदेखि व्यवस्थापन तहसम्म महिलाहरूले नेतृत्वदायी जिम्मेवारी सम्हाल्दै संस्थालाई दिगो र परिणाममुखी दिशामा अघि बढाइरहेका छन् । यसले संस्थागत विकाससँगै महिला सशक्तीकरणको सन्देश पनि सुदृढ बनाएको छ ।

त्यसैगरी, संघले समुदायमा महिला स्वयंसेविका र स्थानीय आमा समूहहरूसँग सहकार्य गर्दै आँखा परीक्षण शिविर, विद्यालय आँखा स्वास्थ्य कार्यक्रम तथा

बाँकी तेश्रो पेजमा

# जनता जनार्दन : जेन्जी आन्दोलन र निर्वाचनले दिएको सन्देश

नेपालको लोकतान्त्रिक यात्रामा भर्खरै सम्पन्न प्रतिनिधिसभा निर्वाचनले पुनः एकपटक स्पष्ट सन्देश दिएको छ- लोकतन्त्रमा अन्तिम निर्णयकर्ता जनता नै हुन्। निर्वाचन परिणाम सार्वजनिक हुँदै जाँदा मतदाताले आफ्नो मतमार्फत देशको राजनीति कस्तो दिशामा अघि बढोस् भन्ने संकेत दिएका छन्। यही सन्देशलाई नेपाली समाजमा प्रचलित एउटा महत्वपूर्ण उक्ति "जनता जनार्दन हुन्"ले सार्थक रूपमा व्यक्त गर्छ । लोकतन्त्रमा शक्ति, वैधता र अधिकारको मूल स्रोत जनता नै भएकाले जनताको निर्णयलाई सम्मान गर्नु राजनीतिक संस्कृतिको आधारभूत कर्तव्य हो।

यसपटकको निर्वाचन परिणामलाई हेर्दा मतदाताले पुराना राजनीतिक अभ्यासप्रति असन्तुष्टि व्यक्त गर्दै नयाँ विकल्पतर्फ आकर्षण देखाएको संकेत पनि देखिन्छ। यसले नेपाली राजनीतिमा परिवर्तनप्रतिको जनअपेक्षा अझ तीव्र हुँदै गएको बुझ्न सकिन्छ। लोकतन्त्रको सुन्दरता नै यही हो- जनताले समय-समयमा आफ्नो मतमार्फत नेतृत्व र राजनीतिक शक्तिहरूको मूल्याङ्कन गर्ने अवसर पाउँछन्। विश्वास दिलाउने नेतृत्वलाई जनताले साथ दिन्छन्, तर अपेक्षा पूरा गर्न नसक्नेहरूलाई जनताले पुनः विकल्प खोज्ने अधिकार पनि प्रयोग गर्छन्।

नेपालको पछिल्लो राजनीतिक परिवेशलाई बुझ्नका लागि हालै भएको जेन्जी आन्दोलन (Gen Z Movement) पनि महत्वपूर्ण सन्दर्भ बनेको छ। भ्रष्टाचार, बेथिति र राजनीतिक असन्तुष्टिका विरूद्ध युवा पुस्ताले सडकमा उत्रिएर आवाज उठाएको यो आन्दोलनले देशको राजनीतिक चेतनामा नयाँ बहस सिर्जना गर्‍यो। सामाजिक सञ्जालमार्फत संगठित हुँदै युवाहरूले देखाएको सक्रियता केवल विरोधको अभिव्यक्ति मात्र थिएन, बरू राजनीतिक प्रणालीप्रति सुधारको स्पष्ट माग पनि थियो। यसले युवापुस्ताले देशको भविष्यप्रति कति गम्भीरता साथ चासो राख्छन् भन्ने तथ्य उजागर गरेको छ।

जेन्जी आन्दोलनले दिएको एउटा महत्वपूर्ण सन्देश के हो भने अहिलेको पुस्ता पारदर्शिता, जवाफदेहिता र सुशासनप्रति अत्यन्त संवेदनशील छ। उनीहरु केवल नारामात्र होइन, परिणाममुखी शासन चाहन्छन्। युवाहरूको यही चेतनाले राजनीतिक दलहरूलाई आत्मसमीक्षा गर्न बाध्य बनाएको छ। राजनीतिक नेतृत्वले अब पुरानै शैली, पुरानै संरचना र सीमित सोचमा टिकिरहन सक्ने अवस्था छैन। समयसँगै बदलिँदो समाज, प्रविधिको प्रभाव र जनअपेक्षालाई बुझेर राजनीति पनि परिवर्तनशील बन्नैपर्छ।

विगतका अनुभवहरूलाई हेर्दा नेपाली राजनीतिमा बारम्बार सुधारको अवसर प्राप्त भएको देखिन्छ। जनताले विभिन्न राजनीतिक दललाई समय-समयमा विश्वास व्यक्त गर्दै जिम्मेवारी सुम्पेका छन्। तर ती अवसरहरु सधैं प्रभावकारी रूपमा उपयोग हुन नसकेको भन्ने आलोचना पनि उठ्दै आएको छ। कतिपय अवस्थामा राजनीतिक दलभित्रको निर्णय प्रक्रिया सीमित समूह वा व्यक्तिको नियन्त्रणमा केन्द्रित भएको अनुभूति आम नागरिकले गरेका छन्। यस्तो प्रवृत्तिले पार्टीभित्रको लोकतान्त्रिक संस्कार कमजोर बनाउने मात्र होइन, कार्यकर्ताको मनोबल र जनविश्वास दुवैमा असर पार्न सक्छ।

राजनीतिक दलभित्र अवसर वितरणको प्रश्न पनि महत्वपूर्ण विषय बनेको छ। इमानदार, समर्पित र क्षमतावान कार्यकर्ताहरूलाई "Right man in the right place"को सिद्धान्तअनुसार जिम्मेवारी दिन सकिएन भने संगठन दीर्घकालीन रूपमा कमजोर बन्ने खतरा रहन्छ। धेरै अवस्थामा संगठन विस्तार, प्रचार-प्रसार र जनसम्पर्कका काममा सक्रिय रहने कार्यकर्ताहरूलाई निर्णयात्मक भूमिकामा अवसर कम पाइने गुनासो सुनिन्छ। नातावाद, गुटवाद र पक्षपातको प्रभावले अवसर वितरण प्रभावित हुने अवस्था देखिनु लोकतान्त्रिक अभ्यासका लागि स्वस्थ संकेत होइन।

यस्ता समस्याले केवल दलभित्र असन्तोष सिर्जना गर्ने मात्र होइन, आम जनतामा पनि राजनीतिप्रतिको विश्वास घटाउने खतरा रहन्छ। लोकतन्त्रको स्थायित्वका लागि राजनीतिक दलहरूभित्र आन्तरिक लोकतन्त्र बलियो हुनु अनिवार्य छ। नेतृत्व चयन, जिम्मेवारी बाँडफाँट र नीतिगत निर्णय प्रक्रियामा पारदर्शिता र समावेशिता सुनिश्चित गर्न सकिए मात्र दलहरु वास्तवमै जनतामुखी बन्न सक्छन्।

यसबीच आफूलाई 'नयाँ' राजनीतिक शक्ति भनेर प्रस्तुत गर्ने दलहरूका लागि पनि चुनौती कम छैन। परिवर्तनको नारासँगै जनताको ठूलो अपेक्षा जोडिएको हुन्छ। तर देशको वर्तमान अवस्था हेर्दा शासन सञ्चालन सजिलो छैन। भ्रष्टाचार नियन्त्रण, आर्थिक सुधार, रोजगारी सिर्जना, विकासको गति तीव्र बनाउने जस्ता चुनौतीहरु कुनै पनि सरकारका लागि कठिन कार्य हुन्। राजनीतिक अस्थिरता, सीमित स्रोत र बढ्दो जनअपेक्षाका बीच सन्तुलित र प्रभावकारी शासन व्यवस्था स्थापना गर्नु सजिलो छैन।

यद्यपि कठिनाइका बीच पनि जनताले दिएको म्यान्डेटले नेतृत्वलाई अवसर र जिम्मेवारी दुवै प्रदान गर्छ। पारदर्शी शासन, नीतिगत स्पष्टता र परिणाममुखी काममार्फत जनविश्वास कायम राख्न सकिए भने लोकतन्त्रप्रतिको भरोसा अझ सुदृढ हुन्छ। यदि जनअपेक्षा पूरा हुन सकेन भने लोकतान्त्रिक प्रणालीमा जनताले फेरि नयाँ विकल्प खोज्ने सम्भावना सधैं खुला रहन्छ।

आजको आवश्यकता राजनीतिक दलहरूबीच स्वस्थ प्रतिस्पर्धा र सहकार्य दुवैको हो। प्रतिस्पर्धाले नीति, योजना र नेतृत्वको गुणस्तर सुधार्न सहयोग गर्छ भने सहकार्यले राष्ट्रिय हितका विषयमा साझा सहमति निर्माण गर्न मद्दत पुर्‍याउँछ। लोकतन्त्र केवल चुनाव जित्ने प्रक्रिया मात्र होइन, बरू दीर्घकालीन रूपमा देश र समाजलाई सही दिशामा अघि बढाउने जिम्मेवारी पनि हो।

नेपालको लोकतान्त्रिक भविष्यलाई मजबुत बनाउन युवापुस्ताको सहभागिता अझ बढाउनु पनि आवश्यक छ। जेन्जी आन्दोलनले देखाएको ऊर्जा र चेतनालाई सकारात्मक रूपमा राजनीतिक प्रणालीभित्र समेट्न सकिए भने देशको राजनीति अझ सशक्त बन्न सक्छ। युवा पुस्ताको नवीन सोच, प्रविधि प्रयोग गर्ने क्षमता र पारदर्शिताप्रतिको आग्रहले शासन प्रणालीलाई आधुनिक र उत्तरदायी बनाउन सहयोग पुर्‍याउन सक्छ।

अन्ततः लोकतन्त्रको आधार जनताको विश्वास हो। यो विश्वास कायम राख्नका लागि नेतृत्वले सत्तालाई अधिकारको रूपमा होइन, सेवाको माध्यमका रूपमा बुझ्नुपर्छ। जनताको आशा, अपेक्षा र भरोसालाई केन्द्रमा राखेर नीति निर्माण र कार्यान्वयन गर्न सकियो भने मात्र लोकतन्त्रको वास्तविक अर्थ पूरा हुन्छ।

लोकतन्त्रमा हार-जित सामान्य प्रक्रिया हो। चुनावी प्रतिस्पर्धापछि पनि सबै पक्षले लोकतान्त्रिक मर्यादा, सहिष्णुता र सहकार्यको भावना कायम राख्नु आवश्यक हुन्छ। किनकि अन्ततः सबैको साझा लक्ष्य देशको समृद्धि, सुशासन र स्थिर भविष्य निर्माण गर्नु नै हो।

यसैले आज फेरि स्मरण गरौँ- लोकतन्त्रमा कुनै पनि शक्ति जनताभन्दा माथि हुँदैन। जनताले विश्वास गरे नेतृत्व सुदृढ हुन्छ, विश्वास गुमे नेतृत्व परिवर्तन हुन्छ। यही नै लोकतन्त्रको सुन्दरता र शक्ति हो। त्यसैले "जनता जनार्दन हुन्" भन्ने सत्यलाई कुनै पनि राजनीतिक शक्ति वा नेतृत्वले कहिल्यै बिर्सनु हुँदैन।




# सुशासनको जगमा उभिएर ..........

आन्दोलनको जगमा जुन परिवर्तन भएको छ त्यो आक्रोशको सम्बोधन आंशिक रूपमा मात्रै सम्बोधन गर्न सकियो भने युवाहरूले आशा गर्न लाएकको मुलुक बनाउने भन्ने लक्ष्य छ, त्यसलाई न्याय हुने गरी अगाडि बढ्ने उनले प्रतिवद्धता जनाए ।

'अबको कार्यभार आर्थिक क्षेत्र, सामाजिक सशक्तिकरणका मुद्दाहरूमा, सन्तुलित र सम्मानजनक राष्ट्रसम्बन्ध कायम गर्दै भौतिक पूर्वाधारमाथि नेपाली जनताको जुन चाहना छ यी सबै पूरा गर्ने असल शासकका रूपमा छिटोछिटो विकास गरेर देखाएर आशा जगाउने काम गर्न लागि पर्छौं', डा. वाग्लेले भने, 'यही मुलुकमा जीवन बिताउने आम जनताको चाहना छ, यसलाई सम्बोधन गर्दै सुशासनको जगमा आत्मसम्मान भएको नेपाल र नेपालीहरूले शिर उठाउन सक्ने गरी काम गर्नेछौं ।'

नेपाली कांग्रेसका उम्मेदवार गोविन्द भट्टराईलाई २१ हजार ८०९ मतान्तरले पछि पार्दै तनहुँ-१ बाट दोस्रोपटक संसदीय यात्रा तय गरेका डा. वाग्लेले २०८० को उपनिर्वाचनमा ३४ हजार ९१९ मत प्राप्त गरी नेपाली कांग्रेसका उम्मेदवार गोविन्द भट्टराईलाई १४ हजार ७९७ मतान्तरले पराजित गरेका थिए । उक्त उपनिर्वाचनमा ६३ हजार ७५७ मत खस्दा कांग्रेसका गोविन्द भट्टराईले २० हजार १२२ मत प्राप्त गरेका थिए भने नेकपा एमालेका उम्मेदवार सर्वेन्द्र खनालले ८ हजार ४८८ मत प्राप्त गरेका थिए ।

**को हुन् वाग्ले ?**

वि.स. २०३१ जेठ १६ गते जन्मेका डा. स्वर्णिम वाग्ले गण्डकी प्रदेशको गोरखा जिल्लाको शहिद लखन गाउँपालिका-८ मा जन्मेका हुन् । बुबा जीवनराज वाग्ले र आमा स्वा. मञ्जु वाग्लेको कोखबाट जन्मेका वाग्लेको श्रीमती र एक छोरा छन् ।

डा. वाग्लेले उच्च माध्यमिक तहसम्मको अध्ययन बूढानीलकण्ठ स्कूलमा गरेका थिए । वि.स. २०४६ को एस.एल.सी. परीक्षामा उनी नेपालभर दोस्रो (बोर्ड सेकन्ड) भएका थिए । वाग्लेले अष्ट्रेलियन नेशनल युनिर्भसिटि, अष्ट्रेलियाबाट बिकास अर्थशास्त्रमा विद्यावारिधि हाँसिल गरेका छन् । यसैगरी, युनिर्भसिटि अफ क्याम्ब्रिज, बेलायतबाट अर्थशास्त्रमा एमफिल, हार्डवर्ड युनिर्भसिटि, अमेरिकाबाट अन्तर्राष्ट्रिय विकास/सार्वजनिक नीतिमा स्नाकोत्तर र युनिर्भसिटि अफ दिल्ली, भारतबाट अर्थशास्त्रमा स्नातक अध्ययन गरेका छन्। यस कारण डा. वाग्लेलाई नेपालका उच्च शिक्षित अर्थशास्त्री राजनीतिज्ञमध्ये एकका रूपमा चिनिन्छन् ।

डा. वाग्ले अन्तर्राष्ट्रिय विकास अर्थशास्त्री हुन् । विगत २५ वर्षदेखि नेपालभित्र र बाहिर सक्रिय डा. वाग्ले वि.स. २०७७ देखि २०७९ सम्म राष्ट्र संघीय विकास कार्यक्रम (यूएनडीपी) को न्यूयोर्कस्थित मुख्यालयमा ३६ वटा देश हेर्ने एसिया-प्रशान्त क्षेत्रका प्रमुख आर्थिक सल्लाहकार थिए । त्यसअघि तीन वर्ष राष्ट्रिय योजना आयोगको सदस्य हुँदै उपाध्यक्ष पनि थिए । नेपाल फर्कनुअघि विश्व बैंक र यूएनडीपीमा वरिष्ठ अर्थशास्त्री रहिसकेका वाग्ले हाल काठमाडौं विश्वविद्यालयको सेनेट सदस्य एवं सर्वाङ्गीण विकास अध्ययन केन्द्र (आइ.आइ.डी.एस.) का अध्यक्ष छन् ।

नेपालको लोकतान्त्रिक आन्दोलनमा वि.स. २०२७ देखिनै उनको परिवारको संलग्नता छ। वि.स. २०४२ को सत्याग्रहदेखि राजनीतिक रूपमा दीक्षित र २०४६ को जनआन्दोलनमा सहभागी भएका वाग्ले नेपाली कांग्रेसको पूर्वमहासमिति सदस्य हुन् । वि.स. २०७९ र २०७४ को आम निर्वाचनका लागि घोषणापत्र मस्यौदा गर्नेदेखि आर्थिक नीति र योजना, कार्यक्रम र वैचारिक विमर्शहरूमा उनको नेतृत्वदायी भूमिकामा रहेका थिए ।

वाग्लेको २०४६ सालदेखि राजनीतिमा लगाव रहेको थियो । लामो समयदेखि नेपाली कांग्रेसमा आवद्ध रहेका वाग्ले २०८० मा राष्ट्रिय स्वतन्त्र पार्टीबाट तनहुँ-१ को उपनिर्वाचनमा सहभागि भई सांसद बने ।

www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com
Phone: 065563907, 9856060376

## तपाईंको आज

**मेष**
आर्थिक लेनदेन गर्दा सावधानी अपनाउनु राम्रो हुनेछ। परिवारजनसँगको सम्बन्ध सुमधुर रहनेछ।

**वृष**
व्यापार-व्यवसायमा लाभको सम्भावना छ। साथीभाइ तथा आफन्तसँग भेटघाट हुने अवसर मिल्न सक्छ।

**मिथुन**
आज निर्णय गर्दा सोचविचार गर्न आवश्यक छ। कार्यक्षेत्रमा जिम्मेवारी बढ्न सक्छ। आर्थिक पक्ष सामान्य रहनेछ।

**कर्कट**
आजको दिन सकारात्मक र हने संकेत छ। नयाँ कामको सुरूवात गर्ने अवसर मिल्न सक्छ।

**सिंह**
कार्यक्षेत्रमा मेहनत बढी लाग्नेछ। अनावश्यक विवादबाट टाढा रहनु राम्रो हुनेछ।

**कन्य**
व्यवसाय तथा पेशागत क्षेत्रमा प्रगतिको सम्भावना छ। नयाँ परिचयले भविष्यमा लाभ दिलाउन सक्छ।

**तुला**
आज धैर्य र संयम आवश्यक पर्ने दिन हो। काममा ढिलाइ हुन सक्छ तर अन्ततः परिणाम सकारात्मक हुन सक्छ।

**वृश्चिक**
नयाँ अवसर प्राप्त हुने सम्भावना छ। व्यापार तथा लगानीका क्षेत्रमा लाभको संकेत देखिन्छ।

कामना धैर्य अपनाउनु आवश्यक छ। खर्च बढ्ने सम्भावना भएकाले आर्थिक व्यवस्थापनमा ध्यान दिनु राम्रो हुनेछ।

**मकर**
नयाँ अवसर प्राप्त हुने संकेत छ। सामाजिक क्षेत्रमा सक्रियता बढ्नेछ। आर्थिक पक्षमा सुधार को सम्भावना देखिन्छ।

**कुम्भ**
आजको दिन उपलब्धिमूलक रहने संकेत छ। लामो समयदेखि सोचिएका योजना अघि बढ्न सक्छन्।

**मीन**
नयाँ ज्ञान प्राप्त हुने सम्भावना छ। काममा प्रगति भए पनि धैर्य आवश्यक हुनेछ। यात्राको सम्भावना देखिन्छ।

# अन्तर्राष्ट्रिय महिला दिवस: नेपालको ........

महिला-केन्द्रित सचेतना अभियान सञ्चालन गर्दै आएको छ । ग्रामीण तथा विपन्न वर्गका महिलालाई समयमै पहिचान र उपचारमा जोड्दै सेवा पहुँच बढाउने प्रयास संघको प्राथमिकतामा रहेको छ । अन्तर्राष्ट्रिय महिलादिवसका सन्दर्भमा, नेपाल नेत्रज्योति संघले आँखा स्वास्थ्य क्षेत्रमा महिलाको नेतृत्व, सहभागिता र समान अवसरलाई थप सुदृढ बनाउने उद्देश्यका साथ विभिन्न कार्यक्रमलाई अगाडि बढाएको छ।

नेपालमा विगत केही दशकमा अन्धोपनको दर उल्लेखनीय रूपमा घट्नुमा सरकारी तथा गैरसरकारी क्षेत्रको संयुक्त प्रयास महत्वपूर्ण रहेको छ । सन् १९८१ मा ०.८४ प्रतिशत रहेको नेपालको अन्धोपनको समस्या सन् २०२१ सम्ममा घटेर ०.२८ प्रतिशतमा झरेको छ । विशेष गरी समुदायमा आधारित आँखा स्वास्थ्य कार्यक्रम, समयमै मोतियाविन्दु शल्यक्रिया, विद्यालय आँखा परीक्षण तथा जनचेतना अभिवृद्धिका कारण अन्धोपन न्यूनीकरणमा सकारात्मक प्रगति भएको छ । यस अभियानमा महिलाहरूको सक्रिय सहभागिता– चाहे सेवा प्रदायकका रूपमा होस् वा समुदायमा सचेतना फैलाउने अगुवाका रूपमा–निर्णायक रहँदै आएको छ ।

यस अभियानको नेतृत्वदायी संस्थाका रूपमा नेपाल नेत्रज्योति सङ्घले देशभर आफ्ना आँखा अस्पताल र उपचार केन्द्रमार्फत लाखौं नागरिकलाई सेवा प्रदान गर्दै अन्धोपन घटाउने राष्ट्रिय लक्ष्यलाई साकार बनाउन महत्वपूर्ण योगदान पुऱ्याएको छ । नेपाल नेत्रज्योति संघअन्तर्गत सञ्चालित नेपाल नेत्रज्योति संघ विगत ४८ वर्षदेखि अन्धोपन निवारणमा आँखा स्वास्थ्य सेवाको माध्यमबाट विद्यमान अन्धोपनको समस्यालाई न्यूनीकरण गर्ने अभियानमा क्रियाशील एक मुनाफारहित, गैरसरकारी विशुद्ध सामाजिक संस्था हो ।

विसं २०३५ साल चैत १३ गतेका दिन समाजका विभिन्न क्षेत्रका लब्ध प्रतिष्ठिन समाजसेवीहरूको सामूहिक प्रयासबाट स्थापना भएको यस सङ्घले नेपाली जनतामा सुलभ, सस्तो र गुणस्तरीय आँखा स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ । नेपाल सरकारबाट आँखा उपचार सेवा देशका सबै जनताको घरदैलोमा पुऱ्याउने दायित्व र निर्देशन प्राप्त भएअनुरूप नेपालको सबै क्षेत्रहरूलाई समेट्ने गरी २८ आँखा अस्पतालहरु, २२६ आँखा उपचार केन्द्रहरु तथा ४३ जिल्ला शाखाहरुका साथै हजारौँ समाजसेवीहरु र करिब तीन हजार कर्मचारीमार्फत नेपाल सरकार स्वास्थ्य मन्त्रालयसँगको महत्वपूर्ण सहकार्य, निर्देशन तथा अन्तर्राष्ट्रिय विकास साझेदारहरु, प्रदेश सरकार, स्थानीय सरकार, स्थानीय जनसमुदाय एवं निष्ठावान कर्मचारीहरूको उल्लेख्य साथ र सहयोगमा आँखा स्वास्थ्य सेवालाई हिमाली क्षेत्रका विकट गाउँदेखि तराईका समथर भूमि पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका सर्वसाधारणलाई सहज, सर्वसुलभ र गुणस्तरीय उपचार सेवा पुऱ्याउने कार्यमा नेपाल नेत्रज्योति सङ्घले अग्रणी भूमिका खेल्दै आएको छ र नेपालभर आँखासम्बन्धी स्वास्थ्य सेवा विस्तार हुँदै गए पनि महिला तथा पुरूषबीच सेवा पहुँचमा अझै पनि स्पष्ट असमानता देखिन्छ ।

यस विशाल सञ्जालभित्र हाल करिब ५३ प्रतिशत पुरूष र ४७ प्रतिशत महिला कर्मचारी कार्यरत छन यसमा नेतृत्व तहमा महिलाको प्रतिनिधित्व अपुग देखिन्छ जुन संख्या बढाउन आवश्यक छ । विशेषगरी दुर्गम तथा सीमान्तकृत समुदायमा महिला तथा बालबालिकालाई प्राथमिकतामा राख्दै सेवा विस्तार गर्नु संघको प्रमुख रणनीति रहेको छ। अन्तर्राष्ट्रिय महिला दिवसका सन्दर्भमा, अन्धोपन न्यूनीकरणमा महिलाको योगदानलाई सम्मान गर्दै आगामी दिनमा अझ समावेशी र दिगो आँखा स्वास्थ्य सेवा प्रवाह गर्ने प्रतिबद्धता अझ सशक्त बन्दै गएको छ । साथै नेपालमा महिलामा आँखासम्बन्धी समस्या पुरूषको तुलनामा बढी रहेको हुँदा सो हुनुमा निम्न कारणहरु देखिएका छन् भने सो को न्यूनीकरणका लागि निम्न प्रयास गर्नुपर्ने देखिन्छ ।

**नेपालमा महिलामा आँखासम्बन्धी समस्या**

नेपालमा आँखासम्बन्धी बिरामीहरूको तथ्याङ्क हेर्दा महिलाहरु पुरूषको तुलनामा बढी प्रभावित रहेको पाइन्छ । सन् २०२१ मा सम्पन्न गरिएको (आरएएबी) सर्वेक्षणले पुरूषको तुलनामा महिलामा अन्धोपनको दर उच्च रहेको देखाएको छ। पचास वर्षभन्दा माथिका महिलामा अन्धोपनको दर करिब १.३ प्रतिशत रहेको छ भने पुरूषमा यो दर करिब ०.९ प्रतिशत मात्र रहेको देखिएको छ ।

आँखा स्वास्थ्यसम्बन्धी सेवाको पहुँच बारेको अध्ययनहरूले लै असमानता स्पष्टरूपमा देखिएको छ र विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवेदनहरु, विशेष गरी World Health Organization, International Agency for the Prevention of Blindness को विश्लेषणअनुसार, अन्धोपना तथा दृष्टिदोषको भार महिलामा पुरूषको तुलनामा बढी पाइन्छ ।

तर, विडम्बनापूर्वक आँखा स्वास्थ्यसम्बन्धी सेवाको उपयोग दर भने महिलामा कम देखिन्छ । उपलब्ध तथ्यङ्कअनुसार करिब ८० प्रतिमहिलाले मात्र आवश्यक आँखा सेवा लिएको पाइन्छ भने पुरूषमा यो दर करिब ८४५ प्रतिशत रहेको देखिन्छ । यसले आँखाको स्वास्थ्य सेवामा पहुँच, समयमै उपचार र सामाजिक–आर्थिक कारणले महिलाहरु अझै जोखिममा रहेको संकेत गर्दछ । नेपालमा अन्धोपनको प्रमुख कारण अझै पनि मोतियाविन्दु नै रहेको छ, जुन समयमै शल्यक्रिया गरे पूर्ण रूपमा उपचार सम्भव हुने रोग हो। यसका पछाडि विभिन्न सामाजिक, आर्थिक तथा सांस्कृतिक कारणहरु जिम्मेवार रहेका छन् ।

**महिलाले आँखाको सेवा कम पाउनुका प्रमुख कारणहरु :**

- **सामाजिक तथा पारिवारिक जिम्मेवारी :** महिलाहरु घरायसी काम, बालबालिका हेरचाह तथा परिवार व्यवस्थापनमा बढी व्यस्त हुने भएकाले आफ्नै स्वास्थ्यलाई प्राथमिकता दिन नसक्नु ।
- **निर्णय गर्ने अधिकारको कमी :** धेरै ठाउँमा महिलाले स्वास्थ्य सेवा लिन परिवारको अनुमति आवश्यक पर्ने अवस्था अझै कायम रहनु ।
- आर्थिक निर्भरता स्वतन्त्र आम्दानी नहुँदा उपचार खर्च व्यवस्थापन गर्न कठिन हुनु ।
- **भौगोलिक पहुँचको समस्या :** दुर्गम क्षेत्रमा बसोबास गर्ने महिलाका लागि आवश्यक स्थान पुग्न यातायात र सुरक्षाको चुनौती देखिनु ।
- **लैङ्गिक संवेदनशील सेवाको अभाव :** कतिपय अवस्थामा महिला स्वास्थ्यकर्मीको अभाव वा सुरक्षित वातावरण नहुँदा महिलाहरु सेवा लिन हिच्किचाउँनु।
- **सचेतनाको अभाव :** आँखाको रोग समयमै उपचार नगरे दृष्टि गुम्न सक्ने भन्ने कुराको जानकारी धेरै महिलासम्म पुग्न सकेको छैन।

**महिलाले आँखाको स्वास्थ्य सुधार गर्न निम्न प्रयास आवश्यक देखिन्छ**

- नेतृत्व तहमा महिलाको सहभागिता बृद्धि
- समुदायस्तरमा लक्षित सचेतना कार्यक्रम
- महिला मैत्री स्वास्थ्य सेवा वातावरण
- आर्थिक तथा पहुँच सहजीकरण
- महिला स्वास्थ्य स्वयंसेविका तथा स्थानीय नेतृत्वको सक्रियता
- समुदायको समग्र विकासमा महिलाको भूमिका

महिलाको आँखाको स्वास्थ्य सुधार गर्नु भनेको केवल व्यक्तिगत स्वास्थ्य सुधार मात्र होइन यसले परिवारको आर्थिक अवस्था, बालबालिकाको शिक्षा र समुदायको समग्र विकाससँग प्रत्यक्ष सम्बन्ध राख्दछ जब घरकी महिलाले स्पष्ट देख्न सक्छिन तब परिवारको समृद्धि र उज्वल भविष्य निर्माणमा थप योगदान दिन सक्छिन भन्ने कुरा सर्ब बिदितै छ । नेपालमा अन्धोपन न्यूनीकरणतर्फ उल्लेखनीय प्रगति भए पनि लैङ्गिक असमानता पूर्ण रूपमा अन्त्य भएको छैन भन्ने तथ्य स्पष्ट छ। महिलाहरूलाई लक्षित, पहुँचयोग्य र लैङ्गिक संवेदनशील आँखा स्वास्थ्य सेवा विस्तार गर्नु आजको अपरिहार्य आवश्यकता हो।

अन्तर्राष्ट्रिय महिला दिवसको सन्दर्भमा, आँखाको स्वास्थ्य अधिकार पनि आधारभूत मानव अधिकारकै हिस्सा हो भन्ने सन्देश सशक्त रूपमा स्थापित गर्न आवश्यक छ। महिला सशक्तीकरणसँगै स्वास्थ्यमा समान पहुँच सुनिश्चित गर्न सके मात्र 'दृष्टियुक्त नेपाल' निर्माणको लक्ष्य सार्थक हुनेछ। रासस *(लेखक केसी करिब ३५ वर्षदेखि नेपालको आँखा स्वास्थ्य क्षेत्रको प्रशासनिक उच्च पदमा कार्यरत हुनुहुन्छ)*

# तनहुँ-२ मा रास्वपाका ........

उनी हाल अस्थायी रूपमा काठमाडौंमा बस्छन् । बुबा गोविन्द प्रसाद न्यौपाने र आमा सितादेवि न्यौपाने हुन भने उनका श्रीमती, एक छोरा र एक छोरी छन् । उनले पुल्चोक इन्जिनियरिङ क्याम्पस, त्रिभुवन विश्वविद्यालयबाट सिभिल इन्जिनियरिङमा स्नातक तथा जलस्रोत इन्जिनियरिङमा स्नातकोत्तर गरेका छन् । पञ्चायतकाल वि.सं. २००४ ब्याचमा पश्चिमाञ्चल इन्जिनियारिङ क्याम्पसबाट ओभरसियर अध्यय, सिभिल समूह ब्याच टपर लगायत उनको शैक्षिक योग्यता हो ।

उनी विद्यार्थी कालदेखि नै राजनीतिमा सक्रिय थिए । २०४४ साल नेपाल विद्यार्थी संघबाट प्रतिनिधित्व गर्दै स्ववियु निर्वाचनमा निर्वाचित भएका थिए । यससंगै नेविसंघ सहसचिव एक कार्यकाल र अध्यक्ष एक कार्यकाल समालेका थिए । नेपाली कांग्रेसमा आवद्ध रहि २०४६ सालको जनआन्दोलनमा सक्रिय रूपमा सहभागि भएका थिए ।

न्यौपाने २०५१ सालमा नेपाल सरकार, तनहुँ जिल्ला खानेपानी कार्यालयको निमित्त कार्यालय प्रमुखको रूपमा ९ महिना सेवा पनि गरेका थिए । त्यसपछि सरकारी सेवाबाट राजिनामा दिई आफ्नै लगानीमा निजी इन्जिनियरिङ कलेज स्थापना गरे । उनी अध्यापन तथा व्यवस्थापनमा पनि रहे ।

ई. न्यौपाने २०७९ फागुन १४ गते राष्ट्रिय स्वतन्त्र पार्टीमा प्रवेश गरेका थिए । तनहुँ-१ को उपनिर्वाचनमा उनी निर्वाचन परिचालन समितिको संयोजक थिए। इन्जिनियरिङ शिक्षामा १४ वर्षको अध्यापन अनुभव र जलविद्युत तथा सुरूङ क्षेत्रमा १४ वर्षको व्यावहारिक अनुभव रहेको उनले बताए । उनी २०७८ सालमा राष्ट्रपति विद्यादेवि भण्डारीबाट प्रबल जनसेवश्री पदकद्वारा सम्मानित भएका थिए ।

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास नगरपालिका-२, दमौली तनहुँ
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८
हाम्रा उपलब्ध सेवाहरू :
१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

विवाह वारी २० वर्ष पारी
सानै छु बढ्न देऊ, बाल विवाह हैन पढ्न देऊ

बालविवाह गर्नु गराउनु दण्डनीय अपराध हो
हामी सबै मिली बालविवाह अन्त्य गरौं, सभ्य समाजको निर्माण गरौं ।
घिरिङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरीछाप, तनहुँ । गण्डकी प्रदेश

स्वस्थ जीवनका लागि असल खानपानका उपायहरु :
- विभिन्न थरीका खाने कुराहरू हरेक दिन उपभोग गर्ने ।
- फलफुल र हरिया सागसब्जि हरेक दिन पर्याप्त मात्रामा उपभोग गर्ने।
- दाल र गेडा गुडी हरेक दिन उपभोग गर्ने ।
- माछा, मासु वा अण्डा नियमित रूपमा उपभोग गर्ने ।
- खाना पकाउँदा तेल वा घ्यू थोरै मात्रामा प्रयोग गर्ने ।
- खानपान सम्बन्धी अन्धविस्वास बाट सावधान रहने ।
- खानामा आयोडिनयुक्त नुन मात्र प्रयोग गर्ने, नुन कम मात्रामा उपभोग गर्ने
- गुलिया र चिल्ला खानेकुरा कम मात्रामा उपभोग गर्ने ।
- सँधै ताजा र सफा खाद्य वस्तु उपभोग गर्ने ।
- पर्याप्त मात्रामा शुद्ध पानी पिउने ।
- परम्परागत तथा स्थानीय स्तरमा पाईने पौष्टिक खाद्य वस्तु उपभोग गर्ने
- मदिराजन्य पेय पदार्थ सेवन नगर्ने ।
- शिशुलाई ६ महिनासम्म पूर्ण स्तनपान (आमाको दुध मात्र खुवाउने) गराउने
- शिशु ६ महिना पुरा भएपछि स्तनपानको साथसाथै थप तथा परक खाना खुवाउने
- गर्भवती र स्तनपान गराउने आमाले थप पोषिलो खाना खाने ।
- किशोर किशोरीहरूले खानपान सम्बन्धी स्वस्थ बानी बसाल्ने ।
- ज्येष्ठ नागरिकको खानपानमा विषेश ध्यान दिने ।
- अति प्रशोधित खाना (Junk Food)जस्तैः चाउचाउ, विस्कुट, कुरकुरे आदि उपभोग नगर्ने र बच्चाहरूलाई पनि नखुवाउने ।

यी उपायहरू नियमित रूपमा आफ्नो जीवनमा लागु गर्न सकेमा धैरै किसिमका रोग तथा संक्रमणहरूबाट जोगिन सकिन्छ । स्वस्थ रहन सकेमा आफुले गर्ने हरेक कार्य र योजना सफल पार्न सकिन्छ ।
त्यसैले सबैले यी उपायहरू आफ्ना दैनिक जीवनमा लागु गर्न उपयुक्त हुन्छ ।
व्यास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमौली, तनहुँ । गण्डकी प्रदेश


स्तनपान सम्बन्धी महत्त्वपूर्ण जानकारी
स्तनपान भन्नाले शिशुलाई जन्म दिएपछि आमाले आफ्नो स्तनबाट निस्किने प्राकृतिक दूध खुवाउनु हो। शिशु जन्मेको जतिसक्दो चाँडो १ घण्टा भित्र आमाको दूध खुवाउन सुरु गर्नुपर्छ। शिशुलाई आवश्यक पर्ने सम्पूर्ण पौष्टिक तत्व आमाको दूधमा पाइने हुनाले शिशु जन्मेदेखि ६ महिना पुरा नभएसम्म आमाको दूध मात्र खुवाउनु पर्छ, पानी पनि खुवाउनु हुँदैन जसलाई पूर्ण स्तनपान भनिन्छ। शिशुलाई कम्तीमा २ वर्षसम्म निरन्तर स्तनपान गराउनुपर्छ।
आमाको दूध खुवाउँदा हुने फाइदाहरु
- आमाको दूध बालबालिकाको लागि अमृत समान हो। यसले बालबालिकाको जीवन रक्षा गर्छ।
- पहिलो पहेँलो बिगौती दूधले खोप सरह काम गर्छ र निमोनिया, झाडापखाला, कान, छाला, पेट तथा श्वासप्रश्वासका संक्रमणसँग लड्न सक्ने क्षमता बढाउँछ।
- यसमा बालबालिकालाई आवश्यक पर्ने पर्याप्त पानी र खनिज तत्वहरु हुन्छ।
- शिशु जन्मने बितिकै आमाको दूध चुसायो भने सालनाल छिटै बाहिर निस्किन्छ किनभने शिशुले दूध चुस्दा पाठेघर खुम्चिन्छ जसले गर्दा बच्चा जन्माएपछि बढी रगत बग्ने खतरालाई घटाउँदछ।
- महिलालाई हुने स्तन र पाठेघर सम्बन्धी क्यान्सरको खतरालाई घटाउँदछ।
- आमाको कामको भारलाई घटाउँदछ। पानी उमाल्न इन्धन जुटाउने, दूध बनाउने आदि काम गर्नु पर्दैन। आमाको दूध जुनसुकै बेला र जहाँपनि खुवाउन सकिन्छ।
- यो सधैं सफा, पोसिलो र ठिक तापक्रमको हुन्छ। यो कम खर्चिलो छ।
- आमासँगको आत्मीयता बढाई शिशुको मानसिक, बौद्धिक, शारीरिक तथा सामाजिक विकास गर्छ।

स्तनपान सम्बन्धी सिफारिस गरिएका व्यवहारहरु
- शिशु जन्मने बितिकै आमाको छातीमा टाँसिएर रहन दिने।
- बालबालिका जन्मेको १ घण्टाभित्रै आमाको स्तनमा राख्ने र दूध खुवाउने।
- बालबालिकालाई बिगौती दूध खुवाउने।
- बालबालिकालाई ६ महिनासम्म पूर्ण स्तनपान गराउने।
- एकातिरको दूध निखिए पछि मात्र अर्को स्तनको दूध खुवाउने।
- बालबालिकालाई दिनको १० देखि १२ पटक स्तनपान गराइराख्ने।
- बालबालिकाले जति पटक दूध खान खोज्छ त्यति नै पटक स्तनपान गराउने।
- बालबालिकालाई सही आसन र सम्पर्कमा राखेर स्तनपान गराउने।
- आमा वा बालबालिका, जो बिरामी भए पनि निरन्तर स्तनपान गराइरहने।
- बालबालिका २ वर्ष वा सो भन्दा पछिसम्म पनि निरन्तर रुपमा स्तनपान गराइरहने।
- स्तनपान गराइरहेकी आमाले दैनिक खाने गरेको खाना भन्दा २ पटक थप खाना खाने। बोतलबाट दूध नखुवाउने।
- स्तनपान सम्बन्धी सिफारिस गरिएका व्यवहारहरु हरेक शिशुहरुमा हरेक अवस्थामा लागु हुन्छ।
- यी व्यवहारहरु अपनाउँदा आमाहरुले लगातार रूपमा दूध उत्पादन गरिरहन सक्छन्।

शिशुलाई आमाको दूध पुगे नपुगेको कसरी थाहा पाउने?
- दूध प्रशस्त खान पुगेको शिशुले एक दिनमा (२४ घण्टामा) कम्तीमा ६ देखि ८ पटकसम्म पिसाब फेर्छ र पिसाबको रङ्ग सफा हुन्छ।
- यदि शिशुलाई दूध प्रशस्त खान पुगेको छैन भने २४ घण्टामा ६ पटक भन्दा कम पिसाब फेर्छ र पिसाबको रङ्ग गाढा पहेँलो, बाक्लो, एकदम गन्हाउने हुन्छ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.
दमौली, तनहुँ । फोन : ०६५-५६३९०७
Email : bhanjyangdml@gmail.com
www.bhanjyangnews.com

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९


# ८३ निर्वाचन क्षेत्रको निर्वाचित भए ?

**रासस**/काठमाडौं

प्रतिनिधिसभा सदस्य निर्वाचनको मतगणना मुलुकभर जारी छ । निर्वाचन आयोगका अनुसार यो समाचार तयार पार्दासम्म विभिन्न ८३ वटा निर्वाचन क्षेत्रको नतिजा आइसकेको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ६७, नेपाली कांग्रेस नौ, नेपाल कम्युनिष्ट पार्टी (एमाले) तीन, नेपाली कम्युनिष्ट पार्टी (नेकपा) दुई र राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा) र स्वतन्त्र उम्मेदवार एक/एक जना विजयी हुनुभएको छ। यो अवधिसम्ममा निर्वाचित उम्मेदवारमध्ये रास्वपाका अधिकांश उम्मेदवार ठूलो मतान्तरले विजयी भएका छन् ।

रूपन्देही क्षेत्र नं ३ बाट निर्वाचित डा लेखजङ्ग थापा ५० हजार ३७९ मतान्तरले विजयी हुनुभएको छ । उहाँले ५८ हजार ८१४ मत ल्याउँदा निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका उम्मेदवार सुशील गुरूङ्ले आठ हजार ४३५ मत प्राप्त गर्नुभयो ।



**विजयी उम्मेदवारलाई बधाई** : तनहुँ-२ बाट प्रतिनिधिसभा सदस्यमा विजयी रास्वपाका उम्मेदवार श्रीराम न्यौपानेलाई बधाई दिँदै नेकपा एमालेका उम्मेदवार केदार सिग्देल । *तस्विर : भञ्ज्याङ*

रूपन्देही क्षेत्र नं २ बाट रास्वपाका सुलभ खरेल ४३ हजार ६८९ मतान्तरले विजयी हुनुभएको छ । खरेलले ५६ हजार ५५० मत प्राप्त गर्दा निकटतम प्रतिस्पर्धी विष्णुप्रसाद पौडेलले १२ हजार ८६१ मत प्राप्त गर्नुभएको छ ।

मोरङ निर्वाचन क्षेत्र नं ६ बाट रास्वपाका उम्मेदवार रूविना आचार्य ५५ हजार ५१३ मतसहित विजयी हुनुभएको छ। उक्त निर्वाचन क्षेत्रमा नेपाली कांग्रेसका डा शेखर कोइराला १२ हजार ८५० मतसहित दोस्रो स्थानमा सीमित हुनुभयो ।

मोरङ निर्वाचन क्षेत्र नं ४ बाट रास्वपाका उम्मेदवार सन्तोष राजवंशी ४० हजार ८३३ मत ल्याएर विजयी हुनुभएको छ । उहाँका निकतटम प्रतिस्पर्धी नेपाली कांग्रेसका गुरूराज घिमिरेले १२ हजार ८१८ मत मात्र प्राप्त गर्नुभयो। उच्च मतान्तरले विजयी हुने उम्मेदवारमा धनुषा प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नं ३ बाट रास्वपाका मनिष झा ४३ हजार ९८८ मतसहित विजयी हुनुभएको छ। उहाँका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका विमलेन्द्र नीधिले १६ हजार ६५२ मत प्राप्त गर्नुभयो ।

महोत्तरी क्षेत्र नं १ बाट रास्वपाका प्रमोदकुमार महतो ३४ हजार ६३६ मतसहित विजयी हुनुभयो। उहाँका निकटतम प्रतिस्पर्धी नेपाली कम्युनिष्ट पार्टीका गिरिराजमणी पोखरेलले १२ हजार ६२४ मत प्राप्त गर्नुभयो । बारा क्षेत्र नं ३ मा रास्वपाका अरबिन्द साह ३० हजार ६४५ मतान्तरले विजयी हुनुभएको छ । उहाँका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका फरमुल्लाह मन्सुरले १० हजार ५२ मत प्राप्त गर्नुभएको छ

बारा निर्वाचन क्षेत्र नं ४ मा रास्वपाका रहवर अंसारी ४१ हजार २०० मतसहित विजयी हुनुभएको छ। उहाँका निकटतम प्रतिस्पर्धी नेकपा (एमाले) का कृष्णकुमार श्रेष्ठले ११ हजार ६३९ मत प्राप्त गर्नुभयो । जुन २९ हजार ५६१ को मतान्तर हो । पर्सा निर्वाचन क्षेत्र नं १ मा रास्वपाका उम्मेदवार बुद्धिप्रसाद पन्त २७ हजार २७४ मतसहित विजयी हुँदा निकटतम प्रतिस्पर्धी नेकपा (एमाले) का उम्मेदवार प्रदीप यादवले १३ हजार ३० मत प्राप्त गर्नुभयो ।

काठमाडौं निर्वाचन क्षेत्र नं १ मा रास्वपाका उम्मेदवार रञ्जु न्यौपाने १५ हजार ४५५ मतसहित विजयी हुनुभएको छ । निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका उम्मेदवार प्रवल थापा क्षेत्रीले छ हजार ३६४ मत ल्याउँदा नौ हजार ९१ मतान्तरसहित न्यौपाने विजयी हुनुभएको हो ।

काठमाडौं निर्वाचन क्षेत्र नं २ मा रास्वपाका सुनिल केसी ३४ हजार २३८ मतसहित विजयी हुनुभएको छ । निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका कविर शर्माले आठ हजार ८७४ मत प्राप्त गर्नुभयो। काठमाडौं निर्वाचन क्षेत्र नं ३ मा रास्वपाका राजुनाथ पाण्डे १८ हजार ७५७ मतसहित विजयी हुनुभएको छ। उहाँ निकटतम प्रतिस्पर्धी उज्यालो नेपाल पार्टीका कुलमान घिसिङ सात हजार ५८५ मतान्तरले पछि पर्दै ११ हजार १७१ मत प्राप्त गर्नुभयो । काठमाडौं निर्वाचन क्षेत्र नं ४ मा रास्वपाका पुकार बम २९ हजार १४२ मतसहित विजयी हुनुभएको छ। उहाँ २० हजार ३१८ मतान्तरसहित विजयी हुनुभयो। निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका सचिव तिमल्सेनाको आठ हजार ८२४ मत छ ।

काठमाडौं निर्वाचन क्षेत्र नं ५ मा रास्वपाका सस्मित पोखरेल ३० हजार ७३७ मतसहित विजयी हुनुभएको छ । उहाँका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका प्रदीप पौडेलले नौ हजार १५९ मत प्राप्त गर्नुभयो । त्यस्तै निर्वाचन क्षेत्र नं ७ मा रास्वपाका उम्मेदवार गणेश पराजुली २७ हजार ८०५ मतसहित विजयी हुनुभएको छ । उहाँले निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका प्रमोदहरि गुरागाईंको भन्दा २३ हजार ८२३ मत बढी प्राप्त गर्नुभयो ।

काठमाडौं निर्वाचन क्षेत्र नं ८ मा रास्वपाका विराजभक्त श्रेष्ठ २४ हजार ५९२ मतसहित विजयी हुनुभएको छ । उहाँका निकटतम प्रतिस्पर्धी नेपाली कम्युनिष्ट पार्टीका सुमन सायमीले तीन हजार २१७ मत प्राप्त गर्नुभयो । निर्वाचन क्षेत्र नं ९ मा रास्वपाका डोलप्रसाद अर्याल ३५ हजार ९३ मतसहित विजयी हुनुभएको छ । उहाँका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका नानुमैया बास्तोलाले पाँच हजार ४६० मत प्राप्त गर्नुभयो ।

काठमाडौं निर्वाचन क्षेत्र नं १० मा रास्वपाका उम्मेदवार प्रदिप विष्ट ३७ हजार ४६९ मतसहित विजयी हुनुभएको छ । उहाँका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका हिमाल कार्कीको भन्दा विष्टको मत २९ हजार ४६९ ले बढी हो । कार्कीले आठ हजार १०० मत प्राप्त गर्नुभएको छ ।

भक्तपुर निर्वाचन क्षेत्र नं १ मा रास्वपाका उम्मेदवार रूकेश रञ्जित ३३ हजार ४३६ मतसहित विजयी हुनुभएको छ । उहाँ पाँच हजार २८९ मतान्तरले विजयी हुनुभएको छ । निकटतम प्रतिस्पर्धी नेपाल मजदुर किसान पार्टीका प्रेम सुवालको २८ हजार १४७ मत रहेको छ ।

ललितपुर निर्वाचन क्षेत्र नं १ मा रास्वपाका बुद्ध रत्न महर्जन २३ हजार ३७३ मतसहित विजयी हुनुभएको छ । महर्जन नौ हजार ८५३ मतान्तरसहित विजयी हुनुभएको हो । उहाँका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेस का उदयशम्शेर राणाले १३ हजार ५२० मत प्राप्त गर्नुभयो ।

चितवन निर्वाचन क्षेत्र नं २ मा रास्वपाका सभापति रवि लामिछाने ५४ हजार ४०२ मतसहित विजयी हुनुभएको छ । उहाँ ३९ हजार ८३८ मतान्तरसहित विजयी हुनुभएको हो। निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका मिनाकुमारी खरेलले १४ हजार ५६४ मत प्राप्त गर्नुभएको छ । यसरी निर्वाचित उम्मेदवारमध्ये रास्वपाका अधिकांश प्रतिनिधि ठूलो मतान्तरले विजयी भएका छन् ।

**नेपाली कांग्रेस**

तेह्रथुम निर्वाचन क्षेत्र नं १ मा नेपाली कांग्रेस का उम्मेदवार सन्तोष सुब्बा ११ हजार ५६१ मतसहित विजयी हुनुभएको छ । उहाँ ८७९ मतान्तरसहित विजयी हुनुभएको हो । उहाँका निकटतम प्रतिस्पर्धी नेकपा (एमाले) का भानुभक्त ढकालले १० हजार ६८२ मत प्राप्त गर्नुभएको छ ।

मनाङ निर्वाचन क्षेत्र नं १ मा नेपाली कांग्रेसका उम्मेदवार टेकबहादुर गुरूङ दुई हजार ४१५ मतसहित निर्वाचित हुनुभएको छ। उहाँका निकटतम प्रतिस्पर्धी नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार यशोदा गुरूङ (सुवेदी) ले ४५४ मत प्राप्त गर्नुभयो । त्यस्तै, मुस्ताङ निर्वाचन क्षेत्र नं १ मा नेपाली कांग्रेसका उम्मेदवार योगेश गौचन थकाली तीन हजार ३०७ मतसहित विजयी हुनुभएको छ । उहाँका निकटतम प्रतिस्पर्धी नेकपा (एमाले) का इन्द्रधारा विष्टले एक हजार ८०६ मत प्राप्त गर्नुभयो । दैलेख निर्वाचन क्षेत्र नं १ मा नेपाली कांग्रेसका उम्मेदवार वासना थापा १२ हजार ३७२ मतसहित विजयी हुनुभएको छ। उहाँका निकटतम प्रतिस्पर्धी नेकपा (एमाले) का उम्मेदवार रविन्द्रराज शर्माले ११ हजार ७९६ मत प्राप्त गर्नुभएको हो । डोटी निर्वाचन क्षेत्र नं १ मा नेपाली कांग्रेसका उम्मेदवार भरतबहादुर खड्का १४ हजार ८९७ मतसहित विजयी हुनुभएको छ । उहाँका निकटतम प्रतिस्पर्धी नेकपा (एमाले)का दीपकबहादुर धामीले १४ हजार ११० मत प्राप्त गर्नुभयो ।

त्यस्तै, अछामको निर्वाचन क्षेत्र नं १ बाट १० हजार ७५९ मतसहित भरतकुमार स्वाँर, सुर्खेतको क्षेत्र नं १ बाट २६ हजार ८९७ मतसहित विष्णुबहादुर खड्का, जाजरकोटको क्षेत्र नं १ बाट २० हजार १४२ मतसहित खड्कबहादुर बुढा र कपिलवस्तुको निर्वाचन क्षेत्र नं ३ बाट २३ हजार ५३५ मतसहित अभिषेक प्रताप शाह निर्वाचित हुनुभएको छ ।

**नेपाल कम्युनिष्ट पार्टी (एमाले)**

बाँके निर्वाचन क्षेत्र नं २ मा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उम्मेदवार मोहम्मद इश्तियाक राई २४ हजार ६२८ मत ल्याएर विजयी हुनुभएको छ। उहाँका निकटतम प्रतिस्पर्की रास्वपाका विवेककुमार श्रेष्ठले १८ हजार ६८२ मत प्राप्त गर्नुभयो । बझाङ निर्वाचन क्षेत्र नं १ मा नेकपा (एमाले)का उम्मेदवार ऐनबहादुर महर १८ हजार ५४३ मत ल्याएर विजयी हुनुभएको छ। उहाँका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेस का प्रकाश रसाइली स्नेहीले १६ हजार ३०४ मत ल्याउनुभयो । दैलेख क्षेत्र नं २ बाट लक्ष्मीप्रसाद पोखरेल १३ हजार ८८९ मतसहित निर्वाचित हुनुभएको छ ।

**नेपाली कम्युनिष्ट पार्टी(नेकपा)**

रूकुम (पूर्वी भाग) निर्वाचन क्षेत्र नं १ मा नेपाली कम्युनिष्ट पार्टीका अध्यक्ष पुष्पकमल दाहाल १० हजार २४० मतसहित विजयी हुनुभएको छ। उक्त निर्वाचन क्षेत्रमा नेकपा एमालेका उम्मेदवार लिलामणि गौतमले तीन हजार ४६२ मा प्राप्त गर्नुभयो । त्यस्तै, रोल्पाको निर्वाचन क्षेत्र नं १ बाट वर्षमान पुन २७ हजार ४६० मतसहित निर्वाचित हुनुभएको छ।

**राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा)**

जुम्लामा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का उम्मेदवार ज्ञानेन्द्र शाही १४ हजार ८१६ मतसहित विजयी हुनुभएको छ। शाही नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवार नरेश भण्डारीसँग तीन हजार १८१ मतान्तरसहित निर्वाचित हुनुभएको हो ।

**स्वतन्त्र उम्मेदवार**

म्याग्दी निर्वाचन क्षेत्र नं १ बाट स्वतन्त्र उम्मेदवार महावीर पुन २२ हजार ८५० महतसहित विजयी हुनुभएको छ। उक्त निर्वाचन क्षेत्रमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का उम्मेदवार हरीकृष्ण श्रेष्ठ र नेपाली कांग्रेसका उम्मेदवार कर्णबहादुर भण्डारीले समान छ हजार ६७६ मत प्राप्त गर्नुभयो । पुन १४ हजार ९३१ मतान्तरसहित विजयी हुनुभएको हो।

facebook twitter



**Deepak Raj Joshi**
x.com/kapeed

नेपालको राजनीति अहिले एउटा विचित्र र जटिल मोडमा आइपुगेको छ। हिजोका सामन्तहरु गाउँका ठालु, जमिन्दार र मुखिया हुन्थे, जसको शासनको स्रोत जमिन र शारीरिक दमन थियो। तर आज समय फेरिएको छ। २१औं शताब्दीको नेपालमा एउटा नयाँ वर्गको उदय भएको छ, जसलाई हामी डिजिटल सामन्त भन्न सक्छौं। यिनीहरु जमिनका मालिक होइनन्, बरू हाइप (Hype) र भ्रमका मालिक हुन्। यिनीहरूको हातमा एक लाखभन्दा महँगो स्मार्टफोन हुन्छ, बोलीमा विदेशी शब्दको लेपन हुन्छ र काँधमा बौद्धिकताको नक्कली झोला हुन्छ।



**Surya Raj Acharya**
x.com/SuryaRAcharya

यो चुनावमा पहिलेको तुलनामा पुराना दलका उम्मेदवारको मत किन न्यून?
यसको उत्तर खोज्न हामीले स्थानीय स्तरमा पहिलेका चुनावमा भोटिङ कसरी हुन्थ्यो भन्ने हेर्नुपर्छ।
०४६ सालसम्ममै स्थानीय स्तरमा कांग्रेस र वामपन्थी दलहरूको संगठनले जरा गाडिसकेको थियो। ०४६ पछि समाजमा दलीय राजनीति झन् सघन भयो। सामाजिक गतिविधि नै दलीय आधारमा हुने क्रम सुरू भयो। जन्ती-मलामीमा आफ्ना नातागोता भन्दा दलका सहकर्मी बढी देखिन थाले। सबै पेशा-व्यवसायमा दलीयकरण गहिरिँदै गयो।
चुनावमा दलका स्थानीय स्तरका नेता तथा अगुवा कार्यकर्ताले भोट जुटाउन ठूलो भूमिका खेल्थे। यी स्थानीय नेता तथा अगुवा कार्यकर्ताको सिधै दलको केन्द्रीय नेतृत्वसँग पहुँच हुन्थ्यो। विकास आयोजना, सरकारी कार्यालयका काम वा अन्य सामाजिक काममा पनि यिनै स्थानीय नेता र अगुवा कार्यकर्ता संलग्न हुन्थे। आम जनताले सत्ताका प्रतिनिधि नै यिनै नेता/कार्यकर्तालाई ठान्थे। जनताका दैनिक काममा कुनै न कुनै हिसाबले यिनको प्रभाव हुन्थ्यो।
चुनावमा भोट दिने बेलामा मतदाताले यिनै स्थानीय नेता वा अगुवा कार्यकर्ताको कुरा सुन्थे। सामान्यतः परिवारका सबै भोट त्यही अनुसार दलको एउटै उम्मेदवारलाई जान्थ्यो। चुनावको अघिल्लो दिनमै यस्ता कार्यकर्ताले "यो बुथमा फलानो उम्मेदवारलाई यति मत खस्छ" भनेर ठोकुवा गर्थे, र धेरैजसो अवस्थामा त्यो अनुमान मिल्थ्यो। त्यसै कारणले दलहरूले गठबन्धन गर्थे। हिसाबअनुसार अर्को दलको 'भोट-ट्रान्सफर' भएन भनेर गुनासो पनि गर्थे।
धरान, काठमाडौं र धनगढीको मेयर चुनावमा पहिलो पटक भोटिङको यो 'मेकानिज्म' भत्किन थाल्यो। अघिल्लो संसद् चुनावमा रास्वपाले यसलाई झनै भत्कायो।
अहिले आम मतदाताले स्थानीय नेता र अगुवा कार्यकर्ताको कुरा सुनेर त्यसअनुसार भोट दिने शैली त्यागेका छन्। यसको विभिन्न कारण छन्। मुख्य त दल र दलका नेताप्रतिको बढ्दो वितृष्णा नै हो। त्यसबाहेक सामाजिक सञ्जालमार्फत सूचनामा पहुँच बढेपछि परिवारकै सदस्यले कसलाई भोट दिने भन्नेबारे घरमुलीको आदेश वा रायको आवश्यकता रहेन। परिवारका प्रत्येक सदस्यले आफ्नै विवेकले मतको निर्णय लिन थाले। यो कुरा आम मतदाताको परिवारमा मात्र होइन, दलका स्थानीय नेता र कार्यकर्ताको परिवारमा पनि देखिन थालेको छ। घरमुलीको कुरा भन्दा बरु विदेशमा रहेका सन्तानको आग्रहमा अविभावकहरूले भोटहाल्ने प्रवृत्ति देखियो। त्यसैले दलीय आधारमा 'सोलोडोलो' भोट गर्ने पुरानो संयन्त्र अहिले ध्वस्त भएको छ। यसको प्रत्यक्ष प्रभाव यस निर्वाचनको परिणाममा देखिएको छ।
अब दलका स्थानीय नेता तथा कार्यकर्ताले सत्ताको आश र त्रासमा स्थानीय मतदाताको भोट बटुल्ने पुरानो संयन्त्रले काम गर्ने अवस्था छैन। सामाजिक सञ्जालका प्रचार, भ्रामक सूचना आदि पक्षमा समस्या अवश्य छन्। तर आम जनताले चुनावमा आफ्नै विवेक प्रयोग गरेर मत दिने प्रवृत्ति लोकतन्त्रका लागि सकारात्मक कुरा हो। यसले गर्दा नेपालको अबको दलीय राजनीतिको अभ्यास उल्लेख्य रूपमा बदलिने देखिन्छ।

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, ब्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४